**तिलोत्तमा नगरपालिका**

**स्थानीय राजपत्र**

**खण्ड २) तिलोत्तमा, मंसिर महिना २६ गते २०७५ साल (संख्या १७**

**भाग : २**

**तिलोत्तमा नगरपालिका**

**तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## सम्वत् २०७५ सालको कार्यविधि नं. १४

**कार्यविधिको नाम :** सामुदायिक विकास कोष सामाजिक परिचालन सम्बन्धि कार्यविधि-२०७५

**प्रस्तावना**

स्थानीय तहमा सामाजिक परिचालनको माध्यमबाट विपन्न तथा विकासको मूल प्रवाहबाट पछाडि परेका नागरिकहरुलाई उनीहरुको काम, तथा हक, अधिकारका बारेमा चेतनशील गराई मुलुकको विद्यमान सम्पूर्ण आर्थिक र सामाजिक संरचनालाई विकासको मूलधारमा ल्याउन र नागरिकको आवाज एवम मागलाई सम्बोधन गर्दै सेवा प्रवाहलाई समावेशी, उत्तरदायी एवं जवाफदेही बनाउन सरकारी, निजी तथा समुदायमा आधारित संघ संस्थाहरु समेतको सहकार्यमा स्थानीय तहको गरिवी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संगठन, बचत, सीपको माध्यमबाट संस्थागत गर्दै समृद्ध समाज निर्माण गर्ने कार्यमा सहयोग पुऱ्याउन सामाजिक परिचालन कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी तिलोत्तमा नगरकार्यपालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम सामुदायिक विकास कोष सामाजिक परिचालन कार्यविधि-२०७५ रहेको छ ।

ख) यो कार्यविधि तिलोत्तमा नगरकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) "कार्यविधि" सामुदायिक विकास कोष सामाजिक परिचालन सम्बन्धि कार्यविधि-२०७५ लाई सम्झनुपर्दछ ।

ख) "सामुदायिक संस्था" भन्नाले वडाका बस्ती स्तरमा महिला/पुरुष समूहहरु छुट्टाछुट्टै वा मिश्रित रुपमा संगठित भएको समूहलाई सम्झनुपर्छ । यसलाई संक्षिप्तमा सा.सं. पनि भनिनेछ ।

ग) अध्यक्ष/मेनेजर भन्नाले वडास्तरमा गठित सा.स.को अध्यक्ष/मेनेजरलाई सम्झनु पर्दछ । यसलाई संक्षिप्तमा अ.मे. पनि भनिनेछ ।

घ) अभ्यक्ष मेनेजर भेला भन्नाले वडा स्तरमा वा वडास्तरीय गठित सामुदायिक संस्थाका अध्यक्ष मेनेजरहरुले संचालन गर्ने भेलालाई सम्झनुपर्छ।यसलाई संक्षिप्तमा अ./मे. भेला पनि भनिनेछ ।

ङ) समिति भन्नाले नगरपालिका स्तरीय र वडा स्तरीय समितिलाई सम्झनु पर्दछ ।

च) नगर प्रमुख भन्नाले तिलोत्तमा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

छ) नगर उपप्रमुख भन्नाले तिलोत्तमा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

ज) प्रमुख प्रशासकीय अधिकृत भन्नाले तिलोत्तमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

झ) सदस्य भन्नाले सा.स.का सदस्यहरुलाई सम्झनु पर्दछ ।

ञ) स्थानीय तह भन्नाले तिलोत्तमा नगरपालिकालाई सम्झनु पर्दछ ।

ट) जिल्ला समन्यवय समिति भन्नाले जिल्ला समन्वय समिति रुपन्देहीलाई सम्झनु पर्दछ ।यसलाई संक्षिप्तमा जि.स.स. पनि भनिनेछ ।

ड) पदाधिकारी भन्नाले नगरपालिकाका पदाधिकारीलाई सम्झनु पर्दछ ।

ड) सामुदायिक विकास कोष भन्नाले नगरपालिकाका वडाहरुमा संचालित साविक जिल्ला विकास समिति हाल जिल्ला समन्वय समितिको स्थानीय विकास कोषद्धारा हस्तान्तरित कोष सहितको संस्था गाउँ विकास कार्यक्रमलाई सम्झनु पर्दछ ।

ढ) स्थानीय सेवा प्रदायक भन्नाले स्थानीय तहमा रहेका सरकारी तथा गैर सरकारी संस्था वा सम्झौता गरी सम्बन्धित वडा समिति तथा अन्य क्षेत्रमा सामाजिक परिचालनको कार्य गर्ने संस्थालाई सम्झनुपर्छ ।

ण) सामाजिक परिचालन भन्नाले आम नागरिकहरुलाई सा.स. मा संगठित गरी संगठन, बचत र सीपको माध्यमबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा सशक्तिकरण गरी स्थानीय श्रोत र साधनलाई परिचालन गराई उनीहरुको व्यक्तिगत पारिवारिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रक्रियालाई जनाउँछ ।

**३. कार्यविधिको उद्देश्य**

क) सामाजिक परिचालन कार्यलाई व्यवस्थित गर्ने ।

ख) स्थानीय तहमा सामाजिक परिचालन कार्यको प्रयोगमा एकरुपता ल्याउने ।

ग) सामाजिक परिचालनको क्षेत्रमा साझा अबधारणा बनाउने ।

घ) साविक जि.वि.स. स्थानीय विकास कोषबाट संचालनमा रहेको सामुदायिक विकास कोषलाई नगरपालिकामा आन्तरिकरण गर्ने ।

ङ) स्थानीय स्तरमा उपलब्ध श्रोत र साधनको समुचित रुपमा परिचालन गर्न सक्षम नेतृत्वको विकास गर्ने ।

च) सामुदायिक संस्थामा संकलित बचत सामुदायिक संस्थाहरुबीच कार्यगत समन्वय वित्तीय अनुशासन र सामुदायिक विकास कोषको दक्षता अभिवृद्धि गर्ने पक्षहरुमा केन्द्रित भई परिचालन गर्ने ।

छ) संगठन, बचत र सीपको अधिकतम प्रयोग गरी नागरिकहरु विशेषगरी विपन्न वर्गको विकासको लागि विद्यमान, आर्थिक, सामाजिक, सांस्कृतिक

तथा अन्य संरचनागत अवरोधहरु हटाई नागरिकहरुको जीवनस्तर माथि उठाउने ।

ज) समुदायहरुलाई आपसी सद्भाव मेलमिलाप र सहयोगबाट सामाजिक पूँजी निर्माण गरी आफ्ना समस्याहरु समाधान गर्न सक्षम गराई समाजमा सहिष्णुता बढाउने ।

झ) विद्यमान अवस्थामा साविकका गा.वि.स.हरु (हालका न.पा.का वडाहरु) मा साविक गाउँ विकास कार्यक्रमलाई सामुदायिक विकास कोष मार्फत संचालित सामाजिक परिचालन कार्यक्रमलाई पूर्णरुपमा व्यवस्थित गर्ने ।

ञ) सामुदायिक विकास कोष कार्यक्रम संचालन नभएका वडाहरुमा क्रमशः संचालन गर्दै जाने ।

## परिच्छेद-२
## सामुदायिक विकास कोष सामाजिक परिचालन प्रक्रिया सम्बन्धी व्यवस्था

### ४. सामाजिक परिचालन प्रक्रिया

क) सामुदायिक विकास कोष हस्तान्तरित कार्यक्रम नगरपालिकाको आपनो कार्यक्रम भएकोले हरेक वडा बस्तीहरुमा क्रमशः विस्तार गरिनुका साथै हाल स्थानीय तहमा संचालन हुँदै आएका तथा भविष्यमा संचालन हुने सम्पूर्ण सरकारी तथा गैर-सरकारी संघ संस्थाहरुलाई सामुदायिक विकास कोष कार्यक्रमसँग समन्वय गरी संचालन गर्ने व्यवस्था मिलाइने छ ।

ख) सामुदायिक विकास कोषमा आवद्ध सदस्यहरुमा संगठन, वचत र सीप सहित सामाजिक रुपान्तरण प्रक्रियालाई अगाडि बढाउँदै लगिनेछ ।

ग) सामुदायिक संस्थाहरुलाई परिपक्वता हासिल गरे पश्चात यी सा.सं. हरुलाई सहकारीमा रुपान्तरण हुन प्रोत्साहित गरिनेछ ।

### ५. सामाजिक परिचालन समिति

सामाजिक परिचालनको कामलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न/गराउनका लागि नगरपालिकाका उपप्रमुखको अध्यक्षतामा देहाय अनुसार सामाजिक परिचालन समिति गठन गरिनेछ । समितिले सामाजिक परिचालनको कार्यमा संलग्न रहेका संस्थाहरुलाई सामाजिक परिचालनको

विधि र प्रक्रियामा प्रष्टता ल्याउन उनीहरुको क्षमता विकास गर्ने यी निकायहरु बीच समन्वयात्मक रुपमा सामाजिक परिचालन कार्यक्रम कार्यन्वयन गराउन स्थानीय तहलाई आवश्यक सुझाव सहित नीतिगत समन्वय गर्नेछ ।

१) सामाजिक परिचालन समितिको गठन

सामाजिक परिचालन समितिको गठन देहाय बमोजिम हुनेछ ।

क) नगरपालिकाका उपप्रमुख -अध्यक्ष

ख) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ग) सामुदायिक विकास कोष मध्येबाट कम्तीमा एक महिला सहित ३ जना प्रतिनिधि -सदस्य

घ) नगरपालिकाको मेलमिलाप लैंगिक समानता तथा सामाजिक समावे**शी**करण समितिबाट **१ जना** प्रतिनिधि - सदस्य

ङ) नगरस्तरको सामाजिक परिचालक - सदस्य सचिव

२) नगरपालिका स्तरमा सामाजिक परिचालनको काम गर्ने अन्य निकाय वा संस्थाहरुले यस कार्यक्रमसँग निकटतम सहकार्य र कार्यगत तालमेल गर्नु ती संस्थाहरुको कर्तव्य हुनेछ । यसरी सहकार्य तथा साझेदारीमा काम गर्ने संघ सस्थाका प्रतिनिधिहरुलाई सामाजिक परिचालन समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

३) सामाजिक परिचालन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) सामाजिक परिचालन समितिको समन्वय नगर क्षेत्रमा नगरपालिका वा अन्य निकायद्धारा संचालित सामाजिक परिचालन सम्बन्धी कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गर्ने सुझाब दिने तथा सामाजिक परिचालनसँग सम्बन्धित स्थानीय स्तरका नीति नियमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।

ख) नगरपालिका र अन्य विभिन्न संघ संस्थाहरुद्धारा संचालित सामाजिक परिचालन कार्यबीच समन्वय गर्ने र सो को चौमासिक र वार्षिक प्रतिवेदन नगरपालिका पठाउने ।

ग) सामाजिक परिचालन कार्यान्वयन कार्यतालिका तयार गर्ने र सो अनुसार काम भए नभएको यकिन गर्ने र कार्यतालिका अनुसार

काम नगरेको पाईएमा सम्बन्धित पक्षलाई कार्यक्रम संचालन गर्न सुझाव दिने सचेत गराउने ।

घ) जीविकोपार्जन सुधार कार्यक्रमको नियमित रुपमा अनुगमन गरी सुझाव तथा पृष्ठपोषण गर्ने ।

ङ) वडाहरुमा रहेका सामुदायिक विकास कोषको नियमित अनुगमन तथा मूल्यांकन नियमित रुपमा गर्ने ।

च) सामुदायिक विकास कोषबाट प्राथमिकिकरण भई पेश हुन आएका कार्यक्रमहरुलाई प्रकृयागत रुपमा योजना तर्जुमा समिति हुदैं नगर सभामा पेश गर्न सहयोग गर्ने ।

छ) नगरपालिका स्तरमा सामाजिक परिचालन सम्बन्धित अन्य क्रियाकलापहरु गर्न सम्बन्धित निकायलाई सहयोग पुऱ्याउने ।

ज) सामाजिक परिचालन एवं सामुदायिक विकास कोष मार्फत भए गरेका कामको अनुगमन र मूल्यांकन नगरपालिकाको निर्देशनमा सामाजिक परिचालन समितिले गर्नेछ । र त्यसको प्रतिवेदन अर्धवार्षिक रुपमा नगरपालिकामा बुझाउनु पर्नेछ ।

## ६. सामुदायिक विकास कोष संचालन समितिको गठन

सामुदायिक विकास कोष समिति  वडा स्तरीय सामुदायिक विकास कोषलाई नियमित संचालित गर्न सामुदायिक संस्थाका प्रतिनिधिहरु मध्येबाट अन्य सहमतिमा निम्नानुसार ५ सदस्य रहेको सामुदायिक विकास कोष संचालन समिति गठन गरिनेछ ।

क) अध्यक्ष - सामुदायिक संस्थाका अध्यक्ष वा मेनेजरबाट १ जना

ख) उपाध्यक्ष - सामुदायिक संस्थाका अध्यक्ष वा मेनेजर बाट १ जना (महिला)

ग) सदस्य - दलित/जनजाति/मुश्लिम/अन्य मध्येबाट कम्तिमा १ जना महिला सहित २ जना

घ) सदस्य सचिव - सामाजिक परिचालक १ जना

यसरी गठन गरिएका सामुदायिक विकास कोषको कार्यावधि ३ वर्षको लागि हुनेछ ।

## ७. सामुदायिक विकास कोष समितिको काम कर्तव्य र अधिकारः

उपदफा १ बमोजिम गठन भएको सामुदायिक विकास कोष समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) सामुदायिक संस्थाहरुलाई संगठन, बचत र शीपका माध्यमबाट शसक्तिकरण प्रदान गर्ने विभिन्न प्रकृतिका सेवाहरु र सो बारे जानाकारी लिने संरक्षणका कामहरु गर्ने ।

२) वातावरण, विपद्, जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तनको जोखिम पहिचान गर्ने र पूर्व सर्तकता अपनाउने ।

३) स्थानीय आवश्यकता अनुसारको कृषि, पशुपालन तथा अन्य आयआर्जन सम्बन्धी सीप तथा विकास योजना तयार गर्ने ।

४) नागरिकताको प्रमाण-पत्र जन्म, मृत्यु, विवाह आदि जस्ता व्यक्तिगत घटना दर्ता गर्न उत्साहित गर्ने ।

५) जातिगत भेदभाव, बालविवाह, अनमेल विवाह, बोक्सी, धामी, झाँक्री, जुवा, तास, निरक्षता, दहेजप्रथा, छुवाछुत तथा महिला विरुद्ध हिंसा, बालश्रम, बालहिंसा जस्ता सामाजिक विसङ्गतिहरु बारे छलफल चलाउने र समाजबाट हटाउन योजना बनाई वडासमितिमा समन्वय गर्ने ।

६) आफ्नो बस्ती तथा समुदायलाई स्वच्छ, हराभरा बनाउने, वातावरणीय तथा घरेलु सरसफाइ गर्ने र गराउन पहल गर्ने ।

७) प्राकृतिक प्रकोप (भुकम्प, बाढी, पहिरो, आधिबेरी, आगलागी, शीतलहर) बारे पूर्व सर्तकता अपनाउने र त्यसबाट बच्ने उपायहरु बारे छलफल गर्ने ।

८) बाल अधिकार तथा मानव अधिकार संरक्षणबारे कार्य गर्ने ।

९) जातिगत एवं सामाजिक सद्भाव बढाउने ।

१०) बालबालिकालाई बालविकास केन्द्र, विद्यालय भर्ना, विद्यालयमा निरन्तर हाजिरी, बाल क्लवमा सहभागी गराउने ।

११) ५ वर्षमुनिका सबै बालबालिकाहरुलाई समयमै खोप लगाउने, गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा लगेर सुत्केरी गराउने जस्ता चेतना अभिवृद्धि गर्ने ।

१२) सीप विकास, आयआर्जन तथा जिविकोपार्जन सहयोग यो कार्यक्रम संचालनको लागि विभिन्न सरकारी, गैरसरकारी तथा नीजी संघ संस्थाहरुसँग समन्वय गर्ने, पैरवी गर्ने र स्रोत जुटाउने ।

१३) सामुदायिक संस्थाहरुलाई परिपक्व बनाइ सरकारी तथा संस्थागत विकासमा प्रतिष्पर्धी एवं रोजगारी प्रवर्द्धनशील बनाउने ।

१४) यसरी गठन गरिएका सामुदायिक संस्थाहरुका सदस्यहरुको आर्थिक विकास एवं रोजगारी सहितको जीविकोपार्जनका लागि घुम्तिकोष उपलब्ध गराउने ।

१५) घुम्ती कोष बिऊँपुजीबाट देहाय अनुसारका कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु संचालन तथा कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ ।

क) व्यवसायिक वा सामुदायिक खेती र पशुपालन

ख) कबुलियती बन व्यवस्थापन, गैरकाष्ठ वन पैदावार उत्पादन र प्राकृतिक स्रोतमा आधारित आय आर्जन तथा लघु उधम विकास ।

ग) रोजगारीमुलक र उत्पादकत्व बढाउने विभिन्न किसिमका शीपमुलक कार्य ।

घ) आय र उत्पादन वृद्धि गर्ने ग्रामीण प्रविधि विकास तथा प्रयोग ।

ङ) वैकल्पिक उर्जा सोलार, बायोग्यास, विकट सुधारिएको उन्नत चुल्हो ।

च) आयमुलक कार्यक्रम वा लघु उद्यम विकास ।

छ) साना सिंचाइ, शिल्पकला, सिलाइकटाई, सिलाइ, बुनाई आदि ।

ज) सहकारी पसल, खुद्रा पसल, बुटिक, कुसन, बाँसका मुढा, टिका, चुरा फूल खेती आदि ।

झ) तरकारी खेती नगदेवाली पशुपालन ।

ञ) साना व्यवसाय तथा व्यापार आयमुलक कार्यक्रम लघु उद्यम विकास सम्बन्धि आयोजना छनौट गर्दा बजारको उपलब्धता तथा व्यवस्था, संभार शीपको उपलब्धता, सामानको बजार मुल्य बारे सामान्य विश्लेषण ।

## परिच्छेद-३

## कोष स्थापना र संचालन सम्बन्धी व्यवस्था

८. **सामाजिक परिचालन कोष स्थापना र संचालनः**

नगरपालिका स्तरमा एउटा सामाजिक परिचालन कोष रहनेछ ।

उपदफा १ बमोजिमको कोषमा देहायको रकम जम्मा हुनेछ ।

क) प्रत्येक वर्ष नगरपालिकाले नगरसभाबाट विनियोजित रकम र कार्यक्रम संचालन गर्न छुटयाईएको समपुरककोष (**Matching Fund**) ।

ख) साविकका सामुदायिक विकास कोषमा रहेको लगानी एवं बैकमा रहेको बचत रकम र सो रकमबाट आर्जन भएको व्याज ।

ग) सरकारी तथा गैरसरकारी संघ संस्था एवं अन्य निकायबाट सामाजिक परिचालन सम्बन्धी कार्यक्रम संचालनका लागि प्राप्त रकम ।

घ) जि.स.स. बाट प्राप्त घुम्ति कोष र अन्य रकम ।

३) उपदफा २ बमोजिम प्राप्त हुने जुनसुकै रकम यसै सामाजिक परिचालन कोषमा जम्मा गरेर मात्र स्वीकृत कार्यक्रममा खर्च गरिनेछ । तर कोष स्थापना हुनु अघि सामुदायिक विकास कोषमा रहेको रकम यसै कोष मार्फत गएको मानिनेछ ।

४) उपदफा १ बमोजिमको कोषको सञ्चालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र सामाजिक परिचालकको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

५) कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आ.ले.प. शाखा र अन्तिम लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयबाट खटिएको डोरबाट हुनेछ ।

६) कोषमा जम्मा भएको रकम सामुदायिक विकास कार्यक्रम लागू भएका वडाको अतिरिक्त कार्यपालिकाको निर्णयबाट अन्य वडामा समेत कार्यक्रम विस्तार गरी लगानी गर्न सकिने छ ।

७) सामुदायिक विकास कोषमा लगानीमा रहेको घुम्ति कोषको परिचालनबाट प्राप्त भएको व्याजलाई सत प्रतिशत मानि सोको अधिकतम ३० प्रतिशत रकम कर्मचारी कल्याण कोषमा जम्मा गर्न सकिनेछ ।

**९. कर्मचारी कल्याण कोष**

१) सामाजिक परिचालनको कार्यमा कार्यरत कर्मचारीलाई सेवाबाट अवकास हुँदा भुक्तानी दिने सेवा निवृत सुविधाको लागि कर्मचारी कल्याण कोष स्थापना गरिने छ ।

२) उपदफा १ वमोजिमको कोषमा देहायको रकम जम्मा हुनेछ ।

क) जिल्ला समन्वय समितिबाट कर्मचारी कल्याण कोषको रुपमा हस्तान्तरण भएको रकम ।

ख) नगरपालिलकाले नगरसभाबाट विनियोजन गरी कम्तिमा १ महिनाको तलव बराबरको रकम ।

ग) सामुदायिक विकास कोषमा लगानीमा रहेको घुम्ती कोषबाट प्राप्त व्याज आम्दानीकोअधिकतम ३० प्रतिशत रकम ।

घ) अन्य कुनै रकम ।

३) कोष सञ्चालन कार्यविधि सामाजिक परिचालन कोष अनुसार नै हुने छ ।

**१०. कोषको सचिवालय**

कोषको सचिवालय नगरपालिकाको मुख्य प्रशासनिक भवन वा कार्यपालिकाले तोकेको स्थान मा हुनेछ र कोषको काम कारवाहीमा कोषको छुट्टै छाप हुनेछ ।

**११. कोषको लेखा व्यवस्था**

१) कोषको सम्पुर्ण खाताहरु सामाजिक परिचालन समितिको सदस्य सचिवको जिम्मा रहनेछ ।

२) सामुदायिक विकासकोषबाट संचालित ऋण पूँजी घुम्तिकोष सामुदायिक संस्थाको मागअनुसार लगानी गरिनेछ ।

३) सामुदायिक विकास कोषमा तपशील अनुसारका खाताहरु रहनेछन् ।

क) संचालन खाता

ख) ऋणपूँजी खाता

ग) कार्यक्रम खाता

४) सामुदायिक संस्थाले सामुदायिक विकास कोषको नियमअनुसार लेखा व्यवस्थापन गर्नेछन् ।

५) सामुदायिक विकास कोषमा स्थानीय सहजकर्ताको व्यवस्था नहुँदासम्म सम्पुर्ण कोषको रेखदेख र लेखा व्यवस्थापन साथै सम्पुर्ण काम सदस्य सचिवबाट हुनेछ ।

६) कोषको माग अनुसार एकमुष्ठ रुपमा सामाजिक परिचालन समितिले निश्चित समयको लागि वडाका कोष समितिलाई घुम्तिकोष लगानी गरिनेछ ।

७) संस्थाहरुको बचत लगानीको हिसाब किताव राखिनेछ ।

८) घुम्तीकोष लगानी र असुली गरिनेछ ।

९) सामुदायिक विकास कोषमा लेखा राखिनेछ ।

१०)वडागत सामुदायिक विकास कोषमा लगानी रहेको रकमको व्याज सामाजिक परिचालन समितिको निर्णय अनुसार नगरपालिकाको खातामा जानेछ ।

**१२. कोषको लेखापरीक्षण**

१) सामुदायिक विकास कोषले वार्षिक रुपमा न.पा. ले तोकेको लेखा परीक्षकबाट लेखा परीक्षण गराउने ।

२) लेखापरीक्षण प्रतिवेदन  नगरपालिकामा रिपोटिङ्ग गरिनेछ ।

३) लेखापरीक्षण गराउने जिम्मेवारी सामुदायिक विकास कोषको हुनेछ ।

## परिच्छेद-४
## कर्मचारी तथा विविध

**१३. कर्मचारी सम्बन्धी व्यवस्था**

१) सामाजिक विकास कोषको गठन, सञ्चालन र सहजीकरण गर्ने, सामुदायिक संस्थाहरु र तिनिहरुको क्षमता विकासमा कामहरु गर्ने, अनुगमन र सामाजिक उत्तरदायित्वहरु सम्बन्धि कार्यहरुमा सामुदायिक विकास कोषलाई आवश्यक समन्वय, सहयोग गर्ने एक जना सामाजिक परिचालक नियुक्त गरिने छ ।

२) हाललाई जिल्ला समन्वय समितिबाट हस्तान्तरण भई आएका हाल कार्यरत वरिष्ठ सामाजिक परिचालकलाई नै यस सम्बन्धी कामको लागि जिम्मेवारी दिईने छ ।

३) सामाजिक परिचालकको सेवा शर्त सुविधा सम्बन्धमा कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

४) साविकमा  जिल्ला विकास समितिबाट नियुक्ति पाई अविछिन्न रुपमा २० वर्ष सेवा गरेको कर्मचारीलाई निरन्तरता दिईनेछ ।

५) कर्मचारीको सेवा शर्त र सुविधाका सम्बन्धमा नगरपालिकाका अन्य **स्थायी** कर्मचारी सरह हुनेछ ।

६) माथि जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा ४ बमोजिमको कर्मचारीको सेवा शर्त र सुविधाका सम्बन्धमा साविक स्थानीय विकास कोष (स्थापना र सञ्चालन) विनियमावली २०५९ को दफा १४(१)

बमोजिमको तह, योग्यता, अयोग्यता, तलब, भत्ता, ग्रेड लागु गर्न बाधा पर्नेछैन ।

**१४. सामाजिक परिचालकको काम, कर्तव्य र जिम्मेवारी देहाय वमोजिम हुनेछ ।**

१) सामाजिक विकास कोष गठन, संचालन र सहजीकरण गर्ने, सामुदायिक संस्थाहरु परिचालन र तिनीहरुको क्षमता विकासका कामहरु गर्ने, नागरिक अनुगमन र सामाजिक उत्तरदायित्व सम्बन्धित कार्यहरुमा सामुदायिक विकास कोषलाई सहयोग गर्ने ।

२) अन्य सरकारी तथा गैर-सरकारी संघ संस्थाहरुसँग निकटतम समन्वय र सम्बन्ध विस्तार गर्ने ।

३) सामुदायिक संस्थाहरुको वार्षिक लेखापरीक्षण गराउन सहयोग गर्ने ।

४) सामुदायिक विकास कोषको वार्षिक लेखा परीक्षण गराउने ।

५) सामुदायिक विकास कोष र गठित सा.स.हरुको बरावर निरीक्षण तथा अनुगमन गरिरहने ।

६) सामाजिक विकाससँग सम्बन्धित क्षेत्रमा नगरपालिका तथा वडा कार्यालयको काममा सहयोग गर्ने ।

७) नगरपालिकाको वस्तुस्थिति विवरण तयार गर्न सहयोग गर्ने ।

८) स्थानीय आवश्यकता तथा प्राथमिकताको पहिचान तथा योजना तर्जुमाका लागि सरोकारवालाहरुलाई आवश्यक सूचना तथा विवरण उपलब्ध गराउने ।

९) लैङ्गिक उत्तरदायी योजना तर्जुमा कार्यान्वयन र अनुगमन गर्न सहयोग गर्ने ।

१०) विपन्न समूहका घरधुरी नक्साङ्कन तथा अद्यावधिक गर्ने ।

११) नागरिक अनुगमनको लागि सामुदायिक विकास कोषको क्षमता अभिवृद्धि गर्ने ।

१२) नगरपालिकाको कार्यालयमा रहेका सामाजिक परिचालन सम्बन्धि अन्य कार्यहरु गर्ने ।

१३) नगरपालिकाको सामाजिक विकास शाखाबाट हुने अन्य कामहरु गर्ने ।

**१५. साविकका सामुदायिक विकास कोष व्यवस्थापन सम्बन्धि व्यवस्था**

१) साविक गा.वि.सहरुमा गठन गरिएका सामुदायिक विकास कोष स्वतः नगरपालिकामा हस्तान्तरित भएको मानिनेछ ।

२) सामुदायिक विकास कोष मार्फत गठित सामुदायिक संस्थाहरुहरुलाई सामाजिक परिचालन समितिको सिफारिसमा नगरपालिकाले आवश्यकताअनुसार खारेज वा सहकारीकरण गर्न सक्नेछ ।

३) सामुदायिक विकास कोषमा कार्यरत जनशक्ति, कोषको सम्पूर्ण नगद जिन्सी, लगानीमा रहेको रकम चल–अचल सम्पत्ति समेत स्वतः नगरपालिकाको हुनेछ ।

४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि साविक जिल्ला विकास समिति र सामुदायिक विकास कोषबीच भएको हस्तान्तरण एवं थप पूँजी लगानी फिर्ताको विषयमा जिल्ला समन्वय समिति र तिलोत्तमा नगरपालिकाको समन्वयमा उपयुक्त नीति अवलम्बन गरिनेछ ।

**१६. बाधा अडकाउ फुकाउ, संशोधन र खारेजी सम्बन्धि व्यवस्था**

१) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा नगरकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ

२) यस कार्यविधिलाई आवश्यकता अनुसार नगरकार्यपालिकाले निर्णय गरी परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

३) यसअघि सामुदायिक विकास कोषसँग सम्बन्धी भएका कामहरु यसै कार्यविधिअनुसार भएको मानिनेछ ।

**प्रमाणिकरण मिति : २०७५ मंसिर २६ गते**

**आज्ञाले**
**(कृष्णप्रसाद सापकोटा)**
**प्रमुख प्रशासकीय अधिकृत**